फोन: ०६१-५०६४००

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं : १०८३

मिति :२०८१/१०/०४

इन्जिनियर श्री उदय बास्तोला,
मादी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
थुमाकोडाँडा, कास्की ।

**विषय: कार्य जिम्मेवारी तोकिएको ।**

उपर्युक्त विषयमा यस गाउँपालिकाको इन्जिनियर पदमा कार्यरत तपाईंलाई मादी गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २० को उपनियम १ बमोजिम सोही नियमको उपनियम ३ को अधीनमा रहने गरी अर्को व्यवस्था नभए सम्मको लागि यस मादी गाउँपालिकाको वडा नं. ३ र ८ देखि १२ सम्म गाउँपालिकास्तरीय, वडास्तरीय कार्यान्वयन हुने सम्पूर्ण (विशेष, समपूरक, सशर्त, वित्तीय समानीकरण अनुदानबाट सञ्चालित लगायत सबै) योजना तथा कार्यक्रमहरुको वडा नं. ३ र ८ देखि १२ सम्म कार्यरत असिस्टेन्ट सव-इन्जिनियर तथा सव-इन्जिनियरबाट तयार (Prepared By) भएको र सव-इन्जिनियर श्री मनोज कुमार मण्डलबाट (वडा नं. ३ र १२) तथा सव-इन्जिनियर श्री सुसन त्रिपाठीबाट (वडा नं. ८ देखि ११) चेकजाँच (Checked By) भएका योजना तथा कार्यक्रमहरुको सर्भे, ल.इ., साइट सुपरभिजन, गुणस्तर निर्धारण तथा नियन्त्रण, नापजाँच र कार्य सम्पन्न प्रतिवेदन समेत स्वीकृत (Approved By) गर्नु हुन यो कार्य जिम्मेवारी सहितको अधिकार प्रत्यायोजन गरिएको छ । सोही बमोजिम फिल्ड भिजिटमा जाँदा कार्यालयमा जानकारी गराई फिल्ड भिजिट लग बुक समेत अनिवार्य भरी स्वीकृति लिई फिल्ड भिजिटमा जान हुन समेत जानकारी गराइन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० र निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ लगायत नेपालको अन्य प्रचलित कानुन बमोजिम उक्त पदीय कार्य जिम्मेवारी पूरा गर्नु गराउनु हुन समेत जानकारी गराइन्छ ।

२०८१/१०/०४

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री १ देखि १२ नं. वडा कार्यालयहरु सबै, मादी गाउँपालिका, कास्की ।
श्री आर्थिक प्रशासन तथा जिन्सी शाखा, मादी गाउँकार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की ।
श्री योजना शाखा, मादी गाउँकार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की ।
श्री प्राविधिक शाखा, मादी गाउँकार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की ।
सव-इन्जिनियर श्री मनोज कुमार मण्डल (वडा नं. ३ र १२),
सव-इन्जिनियर श्री सुसन त्रिपाठी (वडा नं. ८ देखि ११),
असिस्टेन्ट सव-इन्जिनियर श्री लक्ष्मण चन्द (वडा नं. १० र ११),
असिस्टेन्ट सव-इन्जिनियर श्री उत्तम पुन (वडा नं. ८ र ९),
असिस्टेन्ट सव-इन्जिनियर श्री सिर्जना सुनुवार (वडा नं. १२),